# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**सहकारी तथा रोजगार प्रवर्द्धन शाखा**

भरतपुर, चितवन,नेपाल ।

BHARAIPUR METROPOLITAN CITY

OFFICE OF MUNICIPAL EXECUTIVE

BHARATPUR, CHITWAN, NEPAL.

फोन नः- ०५६४९४२२८


प.सः- ०८२/०८३

च.नः- ६६

मिति : २०८२।११।०५

श्री सबै सहकारी संस्था लि.
भरतपुर, चितवन

**विषय : सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ सम्वन्धमा ।**

प्रस्तुत विषयमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।१०।२९ को प.स. ०८२/०८३ च.न. २७९ को पत्रानुसार **"बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड २०८२"**, बमोजिम विवरण प्रविष्ट गर्ने सम्वन्धि पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ का लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

..................

शैलेन्द्र भण्डारी

अधिकृत स्तर आठौ तह

शैलेन्द्र भण्डारी

शाखा प्रमुख

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

श्री सहकारी शाखा
आ.का.
२८/१

पत्र सं.: २०८२/०८३

चलानी नं.: २०७

मितिः २०८२/१०/२९

नेपाल संवत् ११४६

विषयः सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ बमोजिम विवरण प्रविष्टि गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प.सं. २०८२/०८३, च.नं. ६०७, मिति २०८२/१०/२२ को सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ बमोजिम विवरण प्रविष्टि गर्ने सम्बन्धी पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः** माग भए बमोजिमको विवरण राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा उपलब्ध गराई दिनुहुन।

भरतपुर महानगरपालिका
दर्ता नं. ५६३५
मितिः ०८२/११/०१

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

श्री सुखदेव भट्ट
जानकारीको लागि
अनुरोध
११/०५

नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८२/०८३
चलानी नं. : ८०६

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

मितिः २०८२/१०/२२
ने.सं: ११४६ सिल्लागा ४, बिहीबार

श्री भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २६५६
दर्ता मिति: १०/२५

विषय : परिपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी गरी मिति २०८२ मंसिर १० गतेदेखि अभिलेखीकरणको कार्य गरिरहेको र सो सम्वन्धमा अभिलेखीकरण हुनुपर्ने सहकारी संस्था मध्ये धेरै सहकारी संस्थाहरुबाट विवरण नै प्रविष्ट नभएको र भएकाहरुबाट पनि मापदण्ड बमोजिमको विवरण प्रविष्ट नभएकोले अपेक्षित संख्यामा अभिलेखीकरण गरी प्रमाणपत्र जारी नभएकोले प्राधिकरणको २१औं बैठकबाट पुनः मापदण्ड संशोधन गरी अभिलेखीकरण कार्यको लागि मिति २०८२/१०/१३ मा प्रकाशित सूचनाको प्रतिलिपी यसै साथ संलग्न छ। अतः प्रकाशित सूचना बमोजिम अभिलेखीकरणको कार्यलाई प्रभावकारी बनाउनको लागि प्रदेशको सहकारी हेर्ने मन्त्रालय/ सहकारी रजिष्ट्रारको कार्यालय तथा स्थानीय तहहरु मार्फत सहकारीहरुलाई सूचना प्रवाह तथा अभिलेख प्रविष्टिको कार्यलाई सहयोग तथा सहजीकरण गर्नका लागि परिपत्र गर्नुपर्ने देखिएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुमा परिपत्र गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ।

..................
(जमुना कार्की)
शाखा अधिकृत

बोधार्थः
श्री संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्या:

चलानी नं.:

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

सूचना!!!

सहकारी ऐन, २०७४ बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय लगायतका सहकारी संस्थाहरुलाई ऐनको दफा २०क. बमोजिम दर्ता तथा वर्गीकरण गर्ने जिम्मेवारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई तोकिएको व्यहोरा विदितै छ। उक्त प्रयोजनका लागि प्राधिकरणबाट मिति २०८२ असोज १० गते बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड (संशोधन सहित), जारी भई, मिति २०८२ मंसिर १० गतेदेखि दर्ता तथा अभिलेखीकरण सम्बन्धी सफ्टवेयर (Financial Cooperative Registration System) कार्यान्वयनमा आई इजाजत प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको छ।

यस प्राधिकरणबाट इजाजतपत्र नलिई बचत तथा ऋणको कारोबार गरेमा मापदण्डको दफा ४ को उपदफा ३ बमोजिमको कारवाही सहित देहाय बमोजिमका जटिलता आउन सक्नेछन्:

- धितो रोक्का तथा दृष्टिबन्धक गर्ने कार्यमा,
- करचुक्ता लिन,
- कर्जा सूचना केन्द्रको सदस्य हुन,
- वार्षिक बाह्य लेखापरिक्षण गर्न,
- कारोवार रोक्का हुनसक्ने,
- ठगीमा कारवाही हुनसक्ने,
- संस्थाको दर्ता खारेजी हुनसक्ने।

अतः प्राधिकरणले तोके बमोजिमको समयसीमा (मिति २०८२ फागुन ११) भित्र दर्ता अभिलेखीकरण प्रक्रियामा सहभागी भई कारोबार सञ्चालन इजाजतपत्र लिनुहुन सम्बन्धित सबै सहकारी संस्थालाई यो सूचना जारी गरिएको छ।

(केशवराज भुसाल)
निर्देशक



Scanned with CamScanner